# रामग्राम नगरपालिका कार्यालय

## परासी, नवलपरासी

### शिलबन्दी बोलपत्र आव्हानको सूचना

( प्रथम पटक सूचना प्रकाशित मिति ०७१।१२।१०गते

रामग्राम नगरपालिका कार्यालय र सडक बोर्ड नेपालको सहभागितामा आ.व. २०७१।०७२ को बजेट अनुसार तल उल्लेखित स्थानमा तोकिए वमोजिमको निर्माण कार्य गराउनु पर्ने भएकाले नेपाल सरकार वाट सम्वन्धित कामका लागि इजाजत प्राप्त इच्छुक निर्माण व्यवसायीहरुवाट निम्न सर्तहरुको अधिनमा रहि रितपुर्वक शिलवन्दी बोलपत्र आव्हान गरिएको छ ।

१. बोलपत्र/दरभाउपत्र फाराम खरीद गर्न इच्छुक निर्माण व्यवसायीहरुले सम्वन्धित फर्मको लेटर प्याडमा अधिकार प्राप्त व्यक्तिले दस्तखत गरेको लिखित निवेदन पत्रसाथ आ.व. २०७१।०७२ को लागि नविकरण भएको फर्म वा कम्पनीको प्रमाण पत्र, व्यवसाय इजाजत पत्र, स्थायी लेखा दर्ता नं. एवं आयकर तथा मू.अ. कर दर्ता प्रमाण पत्र (भ्याट), न.पा. भित्रका निर्माण व्यवसायिकको हकमा न.पा. वाट प्राप्त व्यवसाय नविकरण प्रमाण पत्र तथा न.पा. वाहिरका व्यवसायिहरुको हकमा वार्षिक पटके निर्माण व्यवसाय कर यस न.पा.मा वूझाएको रसिद, आ.व. २०७०।०७१ सम्मको कर चूक्ता गरेको प्रमाण पत्रको साथै आ.व. २०७१।०७२ को कर विवरण पेश गरेको कागजात, सम्वन्धितको नागरिकताको प्रमाण पत्र र फर्म सम्वन्धि अन्य कूनै कागजात भए सो समेतको प्रमाणित प्रतिलिपि ( जो बोलपत्र खरिद प्रयोजनको लागि मात्र मान्य हुनेछ) को साथ तल उल्लेखित नगद रकम (पछि फिर्ता नहुने ) यस कार्यालयको राजस्व शाखामा बुझाई यो सूचना प्रथम पटक प्रकाशित मितिले ३० दिन सम्म कार्यालय समय भित्र यस कार्यालयको योजना शाखा वाट बोलपत्र फाराम खरीद गर्न सकिने छ ।

२. खरीद गरिएको बोलपत्रहरु यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३१ औं दिनको दिउंसो १२:०० बजे भित्र यस नगरपालिका कार्यालयको नाममा सम्वोधन गरी ठेक्का नं. ,बोलपत्रवालाको नाम, ठेगाना र फोन नं. समेत स्पष्ट खुलाई फर्मको छाप लगाई सिलबन्दी लाहाछाप गरि यस कार्यालयको योजना शाखामा दर्ता गराउन सकिने छ र दरभाउपत्र १६ औं दिनको दिउंसो १२:०० बजे भित्र माथि उल्लेखित व्यहोरा सम्बोधन सहित सिलबन्दी लाहाछाप गरी पेश गर्नु पर्ने छ ।

३. बोलपत्र सम्वन्धि कागजात दाखिला गर्दा बोलपत्र पूस्तिकामा उल्लेख भए वमोजिमका कूराहरु खूलेको प्रमाण बोलपत्र साथ अनिवार्य रुपमा पेश गर्नु पर्ने छ ।

४. बोलपत्र पुस्तिका तथा सूचनामा उल्लेखित मूल्यांकनका आधारहरु पुरा नगर्ने बोलपत्रदाताहरुको बोलपत्र स्वीकृत गरिने छैंन ।

५. बोलपत्रदाताले प्राविधिक योग्यताको कागजातहरु पेश गर्दा बोलपत्र सूचना तथा बोलपत्र पुस्तिकामा उल्लेख भएका कागजातहरु मात्र क्रमबद्ध रुपमा राखी प्राविधिक तथा आर्थिक प्रस्ताव एउटै खाममा राखी शिलबन्दी गरि पेश गर्नू पर्ने छ ।

६. दर्ता भएको बोलपत्र सोही दिनको १४:०० वजे बोलपत्र दर्ता गर्ने फर्महरुको सम्वन्धित व्यक्ति वा निजको अधिकार प्राप्त प्रतिनिधिहरुको रोहवरमा खोलिने छ । बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन । बोलपत्र दर्ता तथा खोलिने दिन सार्वजनिक विदा पर्न गएमा कार्यालय खूलेको दिनको सोही अनुसारको समयमा दर्ता गर्ने र खोल्ने काम हूने छ । फर्मको प्रतिनिधिको रुपमा कूनै व्यक्ति पठाउनू पर्ने भएमा रीतपूर्वकको मन्जूरीनामा सहित पठाउनू पर्ने छ ।

७. बोलपत्रपत्र फारम भर्दा अंक अक्षर दूवैमा स्पष्ट लेख्नू पर्ने छ । अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखेको दर मान्य हूनेछ । केरमेट भएमा सो ठाउंमा सही छाप हूनू पर्नेछ ।

८. शिलवन्दी बोलपत्र साथ जमानत वापत आफुले बोलपत्रमा कवूल गरेको रकमको कम्तीमा २.५ देखि ३.० प्रतिशतले हून आउने रकम नघटाई रा.बा. बैक परासी शाखाको खाता नं. २३०३ग३ मा नगद जम्मा गरेको सक्कल बैक भौचर वा नेपाल राष्ट्र बैक वाट मान्यता प्राप्त बैकवाट यस कार्यालयको नाममा जारी भएको घटीमा बोलपत्र पेश गर्ने अन्तिम मिति बाट १२० दिन सम्म म्याद भएको जमानीपत्र (Bidbond) समावेश भएको हूनू पर्ने छ । अन्यथा बोलपत्र अयोग्य मानिने छ ।

९. बोलपत्र दर्ता गर्ने फर्महरुले बोलपत्र पूस्तिका राम्रो संग अध्ययन गरि सम्पन्न गर्नू पर्ने कामको विवरण ,लोकेशन, भौगोलिक अवस्था आदि सवै पक्षमा राम्ररी वूझी बोलपत्र भरेको मानिने छ । बोलपत्र जून फर्मको नाम वाट खरीद भएको हो सोही फर्मको नामवाट दर्ता गराउनूपर्ने र यस कार्यालयवाट बिक्री भएको बोलपत्र फाराममा भरी प्रत्येक पृष्ठमा सही छाप गरी पेश गर्नू पर्नेछ । शिलवन्दी बोलपत्र दाताको ग्राहयता ( Eligibility) प्रमाणित गर्ने कागजातहरु शिलवन्दी बोलपत्र साथ (शिलवन्दी खामभित्रै) संलग्न हून पर्ने छ ।

१०. संयुक्त उपकम (Joint Venture) मा काम गर्न चाहने व्यवसायीहरुले संयुक्त लगानी सम्वन्धि सम्झौताको सक्कल प्रति पेश गर्नू पर्ने छ । र संयूक्त उपक्रममा साझेदारहरुको संख्या २ भन्दा बढि भएमा स्वीकार गरिने छैन तर संयूक्त उपक्रममा भाग लिने हिस्सेदारहरुको समेत दफा ३ र बोलपत्र पुस्तिकामा उल्लेख भए अनूसारको योग्यता हूनू पर्ने छ ।

११. दर्ता भएको बोलपत्रको मान्य अवधि बोलपत्र दर्ता गर्ने अन्तिम मितिवाट ९० दिनको हूनेछ ।

१२. कूनै पनि कारण जनाइ वा नजनाइ बोलपत्र स्वीकृत गर्ने ,नगर्ने वा आंशिक रुपमा स्वीकृत गर्ने वा नगर्ने वा अस्वीकृत गर्ने वा रद्द गर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा निहित रहनेछ ।

१३. कामको गूणस्तरलाई कडाइका साथ नियन्त्रण गरिनेछ । तोकिएको गूणस्तर कायम गर्नको लागि प्रयोगशाला परीक्षण समेत गरिने छ र सो सम्वन्धि लाग्ने खर्च निर्माण व्यवसायी स्वयंले व्यहोर्नू पर्ने छ । योग्यताको लागि नक्कली कागजात पेश गरिएको पाईएमा निज बोलपत्रदाताको बोलपत्र रद्द गरी कालोसूचीमा समावेश गरिनेछ ।

१४. बोलपत्र फाराम र यस सूचनामा लेखिएका कूराहरुको हकमा यसै अनूसार र यसमा उल्लेख नभएका व्यहोराहरुको हकमा स्थानीय निकाय ( आर्थिक प्रशासन) नियमावली २०६४ र सार्वजनिक खरिद ऐन २०६३ र सार्वजनिक खरिद नियमावली २०६४ अनूसार हूनेछ ।

१५. रित नपूगी वा म्याद नाघि आएको बोलपत्र उपर कूनै किसिमको कारवाही हूनेछैन । बोलपत्र सम्वन्धि अन्य कूरा बूझ्नू पर्ने भएमा कार्यालय समय भित्र यस कार्यालयको योजना शाखामा सम्पर्क राखी बूझ्न सकिनेछ ।

१६. बोलपत्र स्वीकृत नभएका बोलपत्र दाताहरुको अर्नेष्टमनीको रकम ठेक्का सम्झौता भए पछि मात्र फिर्ता वा फूकूवा दिइनेछ ।

१७. ठेक्का अवधि भर मूल्य बृद्धि दिइनेछैन् । ठेक्का सम्झौता सडक बोर्ड नेपालबाट सहमति भए पश्चात मात्र गरिने छ ।

| सि.नं. | ठेक्का नं. | कामको विवरण | निमार्ण स्थल | कूल ल.ई. रकम कन्टिनजेन्सी र भ्याट बाहेक | बोलपत्र/दरभाउपत्र फारम दस्तूर |
|---|---|---|---|---|---|
| १ | १०/०७१/०७२ | कालो पत्रे सडक मर्मत गर्ने कार्य | रामग्राम २, दूर्गा मन्दिर सडक | रु.२९,१९,२१५।३७ | रु.१०००।०० |
| २ | ११/०७१/०७२ | कालो पत्रे सडक मर्मत गर्ने कार्य | रामग्राम ३,५ र ६ हूलाकी सडक देखी हरि शूसिल स्कूल र पोखरापालि सडक | रु.१९,४६,१३४।२७ | रु.१०००।०० |

कार्यकारी अधिकृत